बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# कृषि विकास निर्देशनालय

हेटौंडा, नेपाल

## जग्गा भाडामा लिई तरकारी खेती गर्ने कृषकका लागि जग्गा भाडामा अनुदान कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वानको सूचना!

**प्रथम पटक प्रकाशित मिति : २०८१/०७/२८**

कृषि विकास निर्देशनालय, हेटौंडाको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम **"जग्गा भाडामा लिई तरकारी खेती गर्ने कृषकका लागि जग्गा भाडामा अनुदान"** मा प्रस्ताव पेश गर्न इच्छुक बागमती प्रदेश भित्रका आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिन (मिति २०८१/०८/१८) भित्र तपसिल बमोजिमको कागजातहरु संलग्न गरी यस निर्देशनालयको वेबसाइट (https://doadbagamati.gov.np) मार्फत अनलाइन प्रस्ताव पेश गर्नुहुन अनुरोध छ। रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

**कार्यक्रम विवरणः**

| क्र. सं. | कार्यक्रमको नाम | साझेदार संस्था वा आवेदक | अधिकतम अनुदान रकम (प्रति हेक्टर) | स्वीकृत कार्यविधिको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | जग्गा भाडामा लिई तरकारी खेती गर्ने कृषकका लागि जग्गा भाडामा अनुदान | जग्गा भाडामा लिई तरकारी खेती गर्दै आएका व्यावसायिक निजी फर्म/ कम्पनी/समूह/ कृषि कार्यमा संलग्न सहकारीहरु | काठमाडौं उपत्यकामा रु.५०,००० र उपत्यका बाहिर रु.२०,००० | जग्गा भाडामा लिई केरा/ तरकारी खेती गर्ने कृषकका लागि जग्गा भाडामा अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | न्यूनतम ३ रोपनी जग्गा भाडामा लिई तरकारी खेती गरेको हुनुपर्ने |

<u>संलग्न गर्नुपर्ने कागजात</u>

१. निवेदन
२. संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
३. संस्थाको स्थायी लेखा नम्बर (PAN) र गत आ.व. को करचुक्ता प्रमाण पत्र
४. संस्थाको बैठकको निर्णयको प्रतिलिपि
५. अनुसूची-२ बमोजिमको विवरण फारम
६. अनुसूची-३ बमोजिमको प्रतिवद्धता पत्र,
७. कम्तिमा ३ वर्षको लागि तरकारी खेती गर्ने प्रयोजनका लागि जग्गा भाडामा लिएको सम्झौता पत्र र जग्गाधनीको लालपुर्जाको प्रतिलिपि वा लालपुर्जाको विवरण खुलेको कर तिरेको रसिद।
८. लालपुर्जा नभएको जग्गाको हकमा उक्त जग्गाको कित्ता नम्बर, क्षेत्रफल र जग्गाधनीको विवरण खुलाई सम्बन्धित वडा कार्यलयले प्रमाणित गरेको पत्र हुनुपर्नेछ।

पुनश्चः विस्तृत जानकारीको लागि फोन नं. ०५७-५२०४६६ वा ९८४७९५७०४१ मा सम्पर्क राख्नु हुन वा सम्बन्धित कार्यविधिः "जग्गा भाडामा लिई केरा/ तरकारी खेती गर्ने कृषकका लागि जग्गा भाडामा अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" निर्देशनालयको वेभसाईट http://doad.bagamati.gov.np/ बाट डाउनलोड गर्न सक्नुहुनेछ।